जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १३ • अंक १ • २०८२ कार्तिक ७ गते शुक्रबार • 24 Oct. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-






# सोचमा परिवर्तन ल्याउन जरुरी

हाम्रो समाजले “जसरी कमाए पनि राम्रो” भन्ने सोच अँगालिसकेको देखिन्छ । इमानदार श्रमले जीवन धान्न गाह्रो हुने, तर भ्रष्टाचारले विलासी जीवन जिउन सकिने सन्देश सिंगो समाजले अनुमोदन गरिरहेको देखिन्छ । परिवर्तनको मुख्य स्रोत बन्नुपर्ने राजनीति नै आज दलाली, स्वार्थ र सिण्डिकेटको अखडा बनेको छ। नीति निर्माणको प्रक्रिया जनताको हितमा होइन, गुट, उपगुट र गठबन्धनको स्वार्थमा निर्भर रहेको देखिन्छ ।

जनताका सरोकारको विषय संसदमा होइन, सडकमा उठ्छ । संसदमा कहिल्यै पनि जनताको भोक, रोग र बेरोजगारी कसरी हल गर्ने भन्ने सन्दर्भमा बहस भएको नेपाली जनताले सुन्न पाएन ! मात्र दलियकरण ! विपक्षीलाई कुनै हैसियत नदिने, संख्याको घमण्ड त्यसमा पनि आफ्नै दलका साँसदले ल्याएका राम्रो कुरालाई समेत नजरअन्दाज गरि शिर्ष नेतृत्व जे बोल्छ त्यही सही भन्ने भाव सिर्जना गरिदा जनताको आक्रोशमा साँसद समेत परेको देखिन्छ ।

समाजमा नैतिकता र पारदर्शिता प्रतिको सम्मान हुनुपर्छ, सुरक्षा निकाय नागरिकमैत्री हुनुपर्छ र सबैभन्दा महत्वपूर्ण, नेतृत्वमा इच्छाशक्ति र इमानदारिता चाहिन्छ । जबसम्म यी कुरा ज्युँका त्युँ रहन्छन्, जनताले खोजेको परिवर्तन सम्भव छैन । त्यसैले परिवर्तन प्रणालीमा होइन, सोचमा ल्याउन जरुरी रहेको देखिन्छ । सोच परिवर्तन भयो भने मात्रै संरचना परिवर्तन गर्न सकिन्छ, र त्यसपछि मात्र समग्र देशमा परिवर्तन सम्भव हुने देखिन्छ ।

# जलेश्वर नगरपालिका-५, पतैली ब्रह्म स्थान वाटिकामा पतैली सांस्कृतिक महोत्सव आयोजना

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ६ कार्तिक**

मैथिली संस्कृतिको संरक्षण र प्रवर्द्धनका उद्देश्यका साथ महोत्तरीको जलेश्वर नगरपालिका-५, पतैली ब्रह्म स्थान वाटिकामा पतैली सांस्कृतिक महोत्सव आयोजना हुने भएको छ। पतैली युवा समाजको आयोजनामा कात्तिक ८ गते हुने उक्त महोत्सवमा स्थानीय तथा राष्ट्रियस्तरका कलाकारहरूको सहभागिता रहनेछ।

आयोजक संस्थाका अध्यक्ष राजेश कुमार राई (राजु) का अनुसार महोत्सवको मुख्य उद्देश्य शुद्ध मैथिली लोकसंस्कृतिलाई जोगाउनु र समाजमा फैलँदै गएको अश्लीलता रहित स्वस्थ मनोरञ्जनमार्फत सकारात्मक सन्देश दिनु रहेको छ । गत वर्ष पनि आयोजना गरिएको यस महोत्सवले समाजमा राम्रो प्रभाव पारेको र




त्यसलाई निरन्तरता दिँदै यस वर्ष कार्यक्रमलाई अझ भव्य र व्यापक बनाइने बताइएको छ। यस पटकको महोत्सवमा जनकपुरको प्रतिष्ठित संस्था मिथिला नाट्य कला परिषद् ( मिनाप) सँग आबद्ध कलाकारहरूले सहभागिता जनाउनेछन् । तिनले मैथिली गीत, संगीत र नृत्यका माध्यमबाट लोकसंस्कृति र परम्पराको संरक्षणमा योगदान दिने बताइएको छ। कार्यक्रममा लोकगायक ललित कामत, लोकगायिका जुली झा, गायक अंकित पाण्डे तथा मिथिला क्षेत्रका चर्चित हास्य कलाकार राम नारायण ठाकुरले विशेष प्रस्तुति दिनेछन् । आयोजकका अनुसार महोत्सवको तयारी अन्तिम चरणमा पुगेको छ र दर्शकहरूको मनोरञ्जन तथा सुरक्षाका लागि विशेष व्यवस्था मिलाइएको छ । अश्लीलता निरुत्साहित गर्ने उद्देश्यका साथ सम्पूर्ण कार्यक्रमलाई सांस्कृतिक र सन्देशमूलक बनाउन विशेष ध्यान दिइएको आयोजकको भनाइ छ। महोत्सवमा बालबालिका, युवा तथा वृद्ध सबै उमेरका दर्शकहरूको उपस्थिति रहने अपेक्षा गरिएको छ। आयोजकहरूको विश्वास छ कि यस महोत्सवले पुरानो मैथिली लोकसंस्कृतिलाई नयाँ पुस्तासम्म पुऱ्याउने र सांस्कृतिक चेतना अभिवृद्धिमा टेवा पुऱ्याउनेछ।




# फरार अभियुक्त एकजना पक्राउ



**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, ६ कार्तिक**

सप्तरी प्रहरीले ठगी तथा आपराधिक विश्वासघात मुद्दामा फरार रहेकामध्ये एक जनालाई पक्राउ गरेको छ। सप्तरी प्रहरीका अनुसार मायादेवी यादवको जाहेरीका आधारमा वादी नेपाल सरकार प्रतिवादी नवज्योति बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष नर्सिंह यादव सहित विरुद्ध ठगी तथा आपराधिक विश्वासघात सम्बन्धी मुद्दा दर्ता भएको थियो।

उक्त मुद्दामा निज प्रतिवादीलाई पक्राउ गरी अदालतमा पेश गर्न जिल्ला अदालत सप्तरीले गत साल भदौ ७ गते अनुमति दिएको थियो। उक्त अनुमतिअनुसार फरार रहेका प्रतिवादीको खोजतलास गर्ने क्रममा प्रहरीले एक जनालाई पक्राउ गर्न सफल भएको हो। पक्राउ परेका व्यक्ति सप्तरी जिल्लाको रूपनी गाउँपालिका-४ निवासी ३३ वर्षीया लक्ष्मीकुमारी यादव रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी अधिकृत प्रहरी निरीक्षक प्रमोदकुमार साहले बताउनुभयो।

## तपाईको टुडे

मेष: खानपानमा समस्या आउने
वृष: अनावश्यक खर्चको संभावना
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: शुभ कार्यको शुरुवात
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: मनमा पछुतो आउने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: अनावश्यक चिन्ता
कूम्भ: लामो यात्राको योग छ
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव



**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा


विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०७:३० बजे

# पुटिनद्वारा रुसी आणविक बलको अभ्यासको निर्देशन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ६ कार्तिक**



रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले देशका रणनीतिक आणविक शक्तिहरूको व्यापक सैन्य अभ्यास सञ्चालन गर्न निर्देशन दिएका छन्। यस अभ्यासमा अन्तरमहादेशीय ब्यालेस्टिक मिसाइल (आइसिबिएम) र क्रुज मिसाइल प्रक्षेपणहरू समेत समावेश गरिएको छ।

क्रेमलिनका अनुसार, रूसको 'आणविक त्रिकोण' (स्थल, समुद्र र हावाबाट मिसाइल प्रहार गर्न सक्ने क्षमता) समावेश गरिएको उक्त युद्धाभ्यासका क्रममा उत्तर पश्चिमी रूसको प्लेसेत्स्क प्रक्षेपण केन्द्रबाट यर्स आइसिबिएम प्रक्षेपण गरिएको थियो। त्यस्तै, बेरेन्ट्स सागरमा तैनाथ पनडुब्बीबाट सिनेभा आइसिबिएम प्रक्षेपण गरिएको र टियु-९५ रणनीतिक बमवर्षकहरूले लामो दूरीका क्रुज मिसाइलहरू प्रहार गरेको बताइएको छ। क्रेमलिनले यो अभ्यासले सैन्य कमान्ड संरचनाको दक्षता र प्रतिक्रियात्मक क्षमताको परीक्षण गरेको उल्लेख गरेको छ।

सेनाको जनरल स्टाफ प्रमुख, जनरल भ्यालेरी गेरासिमोभले भिडियो लिङ्कमार्फत राष्ट्रपति पुटिनलाई प्रतिवेदन दिँदै अभ्यासको मुख्य उद्देश्य 'आणविक हतियार प्रयोगका लागि अनुमति प्रक्रियाको अभ्यास' रहेको बताए।

# कस्तो रह्यो 'थामा' को पहिलो दिनको कमाइ ?



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ६ कार्तिक**

दीपावलीको अवसरमा म्याडक फिल्म्सले दर्शकहरूलाई उपहारस्वरूप दिएको हरर-कमेडी फिल्म 'थामा' ले रिलिजको पहिलो दिन २४.८७ करोड भारतीय रुपैयाँको सङ्कलन गरेको छ।

आयुष्मान खुराना, रश्मिका मन्दाना र नवाजुद्दीन सिद्दिकी अभिनीत यो फिल्म उच्च अपेक्षाका साथ मंगलबार थिएटरहरूमा रिलिज भएको थियो। 'सक्निल्क' को पछिल्लो अपडेट अनुसार, यो फिल्मले रिलिजको दिनमा ठुलो चुनौती सामना गर्नुपरेन। दीपावलीमा रिलिज हुने अर्को फिल्म 'एक दिवानें की दिवानियत' मात्र थियो।

यद्यपि, 'थामा' को ओपनिङ कलेक्शन अघिल्लो म्याडक हरर कमेडी युनिभर्स फिल्म 'स्त्री २' को ३५ करोड र गत दीपावालीमै रिलिज भएको 'भुल भुलैया ३' को ३२ करोड भारतीय रुपैयाँको तुलनामा कम रहेको छ। दिनेश विजन र अमर कौशिकद्वारा निर्मित 'थामा' म्याडक हरर कमेडी युनिभर्सको पाँचौं शृङ्खला हो, जसले भ्याम्पायरको कथावस्तु प्रस्तुत गर्छ। फिल्म आयुष्मान खुरानामा केन्द्रित छ, जो अचानक भ्याम्पायर बन्छन् र पछि रश्मिका मन्दानासँग प्रेममा पर्छन्।

यो फिल्मलाई 'रक्तपातपूर्ण प्रेम कथा' को रूपमा व्याख्या गरिएको छ।

# अमेरिकी डलर स्थिर रहँदा यूरो र पाउण्डको भाउमा सामान्य गिरावट

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ६ कार्तिक**




नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। निर्धारित विनिमयदर अनुसार अमेरिकी डलर स्थिर रहँदा यूरोपियन यूरो, युके पाउण्ड स्ट्रलिङको भाउ घटेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १४० रुपैयाँ ३९ पैसा र बिक्रीदर १४० रुपैयाँ ९९ पैसा निर्धारण गरिएको छ।

यस्तै, युरोपियन युरो एकको खरिददर १६२ रुपैयाँ ६८ पैसा र बिक्रीदर १६३ रुपैयाँ ८३ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १८६ रुपैयाँ ९१ पैसा र बिक्रीदर १८७ रुपैयाँ ७१ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १७६ रुपैयाँ १४ पैसा र बिक्रीदर १७६ रुपैयाँ ८९ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ९१ रुपैयाँ १५ पैसा र बिक्रीदर ९१ रुपैयाँ ५४ पैसा, क्यानेडियन डलर एकको खरिददर १०० रुपैयाँ १४ पैसा र बिक्रीदर १०० रुपैयाँ ५७ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०८ रुपैयाँ ०८ पैसा र बिक्रीदर १०८ रुपैयाँ ५५ पैसा तोकिएको छ।

केन्द्रीय बैंकका अनुसार जापानी येन १० को खरिददर नौ रुपैयाँ २५ पैसा र बिक्रीदर नौ रुपैयाँ २९ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ७० पैसा र बिक्रीदर १९ रुपैयाँ ७९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ ४३ पैसा र बिक्रीदर ३७ रुपैयाँ ५९ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ५२ पैसा र बिक्रीदर ३८ रुपैयाँ ६८ पैसा कायम भएको छ। साथै थाइ भाट एकको खरिददर चार रुपैयाँ २७ पैसा र बिक्रीदर चार रुपैयाँ २९ पैसा, युएई दिराम एकको खरिददर ३८ रुपैयाँ २२ पैसा र बिक्रीदर ३८ रुपैयाँ ३९ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३३ रुपैयाँ १९ पैसा र बिक्रीदर ३३ रुपैयाँ ३३ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ८१ पैसा र बिक्रीदर नौ रुपैयाँ ८५ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १४ रुपैयाँ ८८ पैसा र बिक्रीदर १४ रुपैयाँ ९४ पैसा र डेनिस क्रोनर एकको खरिददर २१ रुपैयाँ ७८ पैसा र बिक्रीदर २१ रुपैयाँ ८७ पैसा तोकिएको छ।

# दोस्रो टेस्टमा दक्षिण अफ्रिकाको सानदार जित

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ६ कार्तिक**



दक्षिण अफ्रिकाले दोस्रो टेस्टमा पाकिस्तानमाथि सानदार विजय हासिल गरेको छ। बिहीबार पाकिस्तानलाई आठ विकेटले पराजित गर्दै दुई टेस्टको सिरिजलाई दक्षिण अफ्रिकाले १-१ को बराबरीमा टुंग्याएको हो।

जितका लागि दोस्रो इनिङ्समा ६८ रनको लक्ष्य पाएको दक्षिण अफ्रिकाले दुई विकेट गुमाएर ७३ रन बनाएको थियो। रावलपिन्डीमा भएको दोस्रो टेस्टको चौथो दिन दक्षिण अफ्रिकाका लागि कप्तान एडेन मार्केलले सर्वाधिक ४२ रन बनाए। यस्तै रायन रिकेल्टनले २५ रन बनाएर नटआउट रहे। त्यसअगाडि पाकिस्तान आफ्नो दोस्रो इनिङ्समा १ सय ३८ रन मात्र बनाएर अलआउट भएपछि खेलमाथि उसको पकड गुमेको थियो।

पाकिस्तानी पूर्वकप्तान बाबर आजमले ५० रन बनाए पनि अन्य कुनै ब्याट्सम्यानले उनलाई साथ दिएनन्। दक्षिण अफ्रिकाका लागि स्पिनर सिमोन हार्मरले घातक बलिङ गर्दै ५० रन खर्चेर ६ विकेट लिए।

पहिले ब्याटिङ गर्दै पाकिस्तानले पहिलो इनिङ्समा ३ सय ३३ रन बनाएपछि दक्षिण अफ्रिकाले जवाफमा ४ सय ४ रन बनाएको थियो।






# मिथिलाञ्चलमा भरदुतिया अर्थात् भाइटिका पर्व धार्मिक आस्था, सांस्कृतिक परम्परा र पारिवारिक स्नेहका साथ उल्लासपूर्वक मनाईयो

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ६ कार्तिक**



मधेसका विभिन्न जिल्ला धनुषा, महोत्तरी, सिरहा, सप्तरी, सर्लाही, रौतहटदेखि पर्सासम्मको गाउँ-सहरहरूमा भरदुतिया अर्थात् भाइटिका पर्व धार्मिक आस्था, सांस्कृतिक परम्परा र पारिवारिक स्नेह साथ उल्लासपूर्वक मनाइँदै छ।

यो पर्व दाजुभाइ र दिदीबहिनीबिचको आत्मीयता, स्नेह, र रक्षा सम्बन्धको प्रतीकका रूपमा मनाइन्छ।पण्डित दिनेशचन्द्र मिश्रका अनुसार, भरदुतिया पर्व कार्तिक शुक्ल पक्षको दोस्रो तिथि, अर्थात् दुतियाको दिन मनाइन्छ। पौराणिक कथाअनुसार, मृत्युका अधिपति यमराज आफ्नो बहिनी यमी (यमुना)लाई भेट्न स्वर्गबाट पृथ्वीमा आएका थिए। यमीले दाजु यमलाई आरती, टिका, पुष्पमाला र स्वादिष्ट भोजनले स्वागत गरिन्। भोजनपछि यमराज भावुक भएर यमीलाई भने,'आजको दिन जसले आफ्नी बहिनीबाट टिका लगाउँछ र बहिनीको हातको भोजन ग्रहण गर्छ, ऊ दीर्घायु र सुखी हुनेछ।" त्यसै दिनदेखि यो पर्वलाई 'यमदुतिया अथवा 'भरदुतिया' भनेर मनाउने परम्परा सुरु भएको मानिन्छ।मिथिला क्षेत्रका घरघरमा बिहानैदेखि महिलाहरूले आँगनमा अरिपन (माटोको सुन्दर चित्र) बनाई पूजा तयारी गर्छन्। घरका दाजु र भाइलाई पूजा गर्नका लागि काठको पिँढी (पाटी) राखिन्छ। त्यसमा पिठार, सिन्दूर, दुबो, पान, सुपारी, र अक्षता राखिन्छ। बहिनीहरूले हातमा पानी, दूबो र फूल लिएर मन्त्र उच्चारण गर्दै भाइलाई टिका लगाउँछन्।

जनकपुरधाम-७ की पर्मिला साह भन्छिन् हामी मिथिलामा यो पर्वलाई केवल टिका-उपहारको रूपमा होइन, स्नेह र ममताको प्रतिकका रूपमा मनाउँछौं। भाइलाई टिका लगाइसकेपछि बज्री (कडा अन्न) खुवाउने चलन छ। महोत्तरीको पिपरा-६ निवासी शिला झाका अनुसार आज हामी दिदी-बहिनीहरू बिहानैदेखि भाइको बाटो पर्खेर बस्छौं। जब उनीहरू घर आइपुग्छन्, हामीले उनीहरूको मन पर्ने परिकार जस्तै खाजा, दही-चिउरा, लड्डु, खाजा परिकार, मिष्ठान्न बनाएर खुवाउँछौं। त्यसपछि टिका, फूलमाला र उपहार दिई दीर्घायुको कामना गर्छौं। यो पर्वमा परिवारका सदस्यहरू टाढा रहेका भाइहरूका लागि बहिनीहरूले अन्न र अक्षता मिसाएर दूबो राखी टिका बनाएर पूजा गर्छन्। कतिपयले फोन, भिडियो कल र अनलाइन माध्यमबाट पनि टिका-शुभकामना आदान-प्रदान गर्छन् जसले आधुनिक समयमा पनि परम्पराको निरन्तरता झल्काउँछ। मिथिला संस्कृतिमा भरदुतिया पर्व विशेष स्थानमा रहँदै आएको छ। यो पर्वले नातागोता, सम्बन्ध र पारिवारिक एकता मजबुत बनाउने काम गर्छ। समाजका पण्डित र बुढापाकाका अनुसार आजको दिन बहिनीले भाइको रक्षा र दीर्घायुको कामना गर्छिन् भने भाइले बहिनीको सधैं सुख समृद्धि र रक्षा गर्ने वाचा गर्छ। जनकपुरधामका समाजसेवी रमेश ठाकुर भन्छन् भरदुतिया केवल धार्मिक होइन, सामाजिक एकताको पर्व पनि हो। यसले हाम्रो संस्कार परम्परा र पारिवारिक सम्बन्धलाई मजबुत बनाउँछ। यो पर्वले हामीलाई पारिवारिक मूल्य, बन्धुत्व र सहअस्तित्वको पाठ पढाउँछ। मिथिला क्षेत्रमा यस दिन घर-घरमा मिठा परिकार मिष्ठान्न र परम्परागत पकवानहरू जस्तै ठेकुआ पुवा दही चिउरा बज्री तरकारी र दूध फलफूल तयार पारिन्छ। सबै सदस्यहरू एउटै थालमा बसेर भोजन गर्छन्, जसले एकताको प्रतीक जनाउँछ। धार्मिक दृष्टिले पनि यस पर्वको विशेष महत्त्व छ। यम-यमी संवादले भाइबहिनीबिचको पवित्र सम्बन्ध र जीवनको अमूल्यताको शिक्षा दिन्छ। त्यसैले मिथिला मधेसमा यो पर्वलाई भाइको आयु र बहिनीको स्नेहको उत्सव पनि भनिन्छ।

# छठ पर्वको लागी पोखरी तथा खोला किनारामा विशेष प्रकारको सजावट र सिँगारिने काम तीव्र

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ६ कार्तिक**



आसन्न छठपर्व नजिकिँदै भगएसँगै महोत्तरी जिल्लाका विभिन्न पोखरी तथा खोला किनारामा विशेष प्रकारको सजावट र सिँगारिने काम तीव्र गतिमा भइरहेको छ।

छठपर्व नजिकिँदै गएपछि औरहीसहित जिल्लाभरिका पोखरी तथा खोलालाई स्थानीयवासीको सक्रिय सहयोगमा सरसफाइ र आकर्षक झकिझकाउ सजावटका साथ सिँगारिने कार्य भइरहेको हो। तराई क्षेत्रमा छठको छुट्टै सांस्कृतिक र धार्मिक महत्व रहँदै आएको छ। यसै सन्दर्भमा महोत्तरी जिल्लाका मटिहानी नगरपालिकास्थित लक्ष्मीनारायण मठको पोखरी, जलेश्वर नगरपालिकाको जलेश्वरनाथ महादेव मन्दिर अगाडिको पोखरी, रामगोपालपुर नगरपालिकाको सौतिनिया पोखरी, औरही नगरपालिकाको भोईलस्थित सोनामाई मन्दिरअगाडिको पोखरी, औरही नगरपालिका-२ स्थित रामजानकी कुटीअगाडिको पोखरी, औरही-१ स्थित महादेव मन्दिरअगाडिको पोखरी, साथै औरही हुँदै बग्ने जङ्हा खोला, गौशाला नगरपालिकाको पचाईं खोला र मरहा खोलासहितका स्थानमा सरसफाइ र सजावटको कार्य भइरहेको छ। छठ मनाउनेको संख्या प्रत्येक वर्ष बढ्दै गएसँगै आवश्यक पूजाका सामग्री किनमेल गर्ने भीड पनि बजारमा देखिन थालेको छ। औरही नगरपालिका-२ स्थित रामजानकी कुटी पोखरी र औरही-१ स्थित महादेव मन्दिरअगाडिको पोखरीमा यस वर्षको छठ पर्वको तयारी आरम्भ भइसकेको छ। रामजानकी कुटी पोखरी छठ पूजा व्यवस्थापन समितिका कोषाध्यक्ष दिगम्बर चौधरीका अनुसार गत वर्षको तुलनामा यस वर्ष छठ पर्व झन् भव्य रूपमा मनाइनेछ।




## निमोनियाबाट बचौं र बचाऔं ।

**निमोनिया संक्रमणका लक्षणहरु :**

- ज्वरो आउने, खोकी लाग्ने,
- स्वासप्रश्वासको गति बढ्ने, स्वास फेर्न गाह्रो हुने,
- स-साना बालबालिकालाई आमाको दुध चुस्न गाह्रो हुने,
- शरीर निलो हुने जस्ता लक्षण देखा पर्न सक्छन् ।

**बालबालिकालाई निमोनियाबाट बचाउनः**

- नियमित रुपमा लगाईने खोपहरु लगाऔं,
- आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं,
- धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं ।
- सरसफाईमा उचित ध्यान दिऔं ।
- संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड










प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday